नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोनः ९८५१२८६७७०
०१-४२१९०४४
Ext:

Email: cyberbureau @nepalpolice.gov.np

भोटाहिटी, काठमाण्डौ

मितिः २०७७-०६-३० गते।

# प्रेस विज्ञप्ती

## बलात्कार जस्तो जघन्य अपराध गर्न दुरुत्साहन गर्ने तवरले सामाजिक संजालमा अश्लील, आपत्तिजनक सामाग्री पोष्ट गर्ने, प्रतिक्रिया जनाउने ब्यक्ती पक्राउ सम्वन्धमा ।

सामाजिक संजाल फेसवुकमा Raper Association (बलात्कारी संगठन) नामक पेज तथा समुह बनाई बलात्कार जस्तो जघन्य अपराध गर्न दुरुत्साहन गर्ने तवरले अश्लील, आपत्तिजनक सामाग्री पोष्ट गर्ने, प्रतिक्रिया जनाउने लगायतका कार्य भईरहेको भन्ने बिभिन्न माध्यमबाट प्राप्त सुचना तथा निवेदनको आधारमा अनुसन्धानको क्रममा जिल्ला प्यूठान झिन्द्रुक गाउँपालिका -७ घर भई हाल कावसोती नगरपालिका -१६ बस्ने बर्ष १९ को नविन वस्नेतले सामाजिक संजाल फेसवुक पेज/ग्रुप मार्फत बलात्कार जस्तो जघन्य अपराध गर्न दुरुत्साहन गर्ने, महिलालाई अपमान गरी हैरानी दिने, सामाजिक सद्भाव, शिष्टाचार बिरुद्धको सामाग्री पोष्ट गर्ने, प्रतिक्रिया जनाउने लगायतका कार्य गरी विद्युतिय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिमको कसुर गरेको खुल्न आएको हुँदा सम्मानित जिल्ला अदालत काठमाण्डौबाट पक्राउ पुर्जी जारी भई जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) समेतको सहयोगमा मिति २०७७-०६-३० गते जिल्ला नवलपरासी, कावासोतीबाट पक्राउ गरी थप अनुसन्धान भै रहेको छ।

प्रवक्ता एवं सूचना अधिकारी
(नविन्द अर्याल)
प्रहरी बरिष्ठ उपरीक्षक

**पुनश्चः-** *अश्लिल तथा यौनजन्य सामाग्रीहरु कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतीय वा अन्य माध्यमहरुबाट प्रकाशन, प्रशारण वा प्रदर्शन गर्नु सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्दमा हुने, व्यक्तिलाई अपमान तथा हैरानी गर्ने, घृणा वा द्वेष फैलाई समाजमा विकृती विसंगती बढाउने हुदाँ कानूनद्वारा दण्डनीय भएकोले कसैले पनि त्यस्तो कार्यहरु नगर्न र नगराउनु हुन अनुरोध गरिएको छ ।*



नाम: नविन बस्नेत

वर्ष: १९

ठेगाना: प्यूठान भिञ्ढुक गा.पा.-०७

हाल: नवलपरासी, कावासोती-१६